# दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लि.
# चापागाउँ, ललितपुर

## विद्युत वितरण तथा ग्राहक सेवा सञ्चालन निर्देशिका

२०८१

**( २०७६ को संसोधन सहित)**

# दक्षिण ललितपुर ग्रामीण बिंद्युत सहकारी संस्था लि.

# विद्युत वितरण तथा ग्राहक सेवा सञ्चालन निर्देशिका

**२०६१**

**(२०७६ को संसोधन सहित)**

**मिति : २०७६ पौष १९ गते**

**प्रस्तावना:**

नेपाल बिद्युत प्राधिकरण, सामुदायिक ग्रामीण बिद्युतीकरण विभाग र यस सहकारी संस्थाबीच बिद्युत वितरण तथा सेवा सञ्चालनको सम्झौता भइ विद्युत वितरण तथा ग्राहक सेवा सञ्चालनको कार्य शुरु गरिएको छ । यस सहकारी संस्थाबाट ग्राहक सेवा सञ्चालनको कार्य गर्नका लागि सहकारी संस्थाको विनियमको अधिनमा रही ट्रान्सफरमर उपसमिति निर्देशिका २०६० लागु गरिएको थियो । यसका अतिरिक्त सहकारी संस्थाबाट नेविप्रा ऐन २०४१, बिद्युत ऐन २०४९, **बिद्युत महसुल संकलन नियमावली २०६९**, बिद्युत चोरी नियन्त्रण ऐन २०५८ र बिद्युत चोरी नियन्त्रण नियमावली २०५९ का साथै यो शहकारी संस्थाको विनियमको परिच्छेद **७** दफा ४९ को अधिकार प्रयोग गरी **विद्युत वितरण तथा ग्राहक सेवा सञ्चालन निर्देशिका २०६१** लाई आवश्यक संशोधन गरी यो बिद्युत वितरण तथा ग्राहक सेवा सञ्चालन निर्देशिका लागू गरिएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यो निर्देशिकाको नाम दक्षिण ललितपुर ग्रामीण विद्युत शहकारी संस्था लिमिटेडको 'विद्युत वितरण तथा ग्राहक सेवा सञ्चालन निर्देशिका २०७६' रहने छ ।

(ख) यो **संसोधित निर्देशिका** मिति २०७६ फाल्गुण १ देखि लागू हुने छ ।

**२. परिभाषा :**

क) 'सञ्चालक समिति' भन्नाले दक्षिण ललितपुर ग्रामीण बिद्युत् सहकारी संस्था लि.. को संचालक समितिलाई बुभनु पर्ने छ ।

ख) 'ट्रान्सफरमर उप-समिति एवम् वडा समन्वय उप-समिति' भन्नाले यस सहकारी संस्थाको विधान बमोजिम उपभोक्ताहरुको भेलाले गठन गरेको समितिलाई बुझ्नु पर्नेछ ।

ग) वडा ट्रान्सफरमर समन्वय उपसमिति भन्नाले वडा अर्न्तगत गठन भएका ट्रान्सफरमर उपसमितिहरुलाई समन्वय गर्न गठन गरिएको समितिलाई बुझ्नुपर्छ ।

घ) 'सहकारी संस्था' भन्नाले दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लि. भन्ने बुझ्नु पर्दछ ।

ङ) 'मिटर रिडर' भन्नाले सहकारी संस्था मार्फत मिटर रिडिङ्ग र महसुल संकलन गर्न व्यवस्था गरेको कर्मचारी बुझ्नु पर्नेछ ।

च) 'ग्राहक' भन्नाले बिद्युत उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

छ)‘महसुल’ भन्नाले बिद्युत उपभोग गरे वापत यस संस्थालाई ग्राहकले बुझाउने रकम सम्झनु पर्छ ।

ज) ‘मिटर’ भन्नाले बिद्युतको खपत नाप गर्न ग्राहकहरुको घरमा जडित इनर्जी मापन यन्त्र सम्झनु पर्छ ।

झ) ‘लाइन्सम्यान’ भन्नाले सहकारी संस्थामार्फत विद्युतको भौतिक संरचना निर्माण , मर्मत, फ्यूज सर्भिस लगायतका काम गर्ने प्राविधिक कर्मचारी बुझ्नुपर्दछ ।

ञ) ‘केन्द्र प्रमुख’ भन्नाले सहकारी संस्थाले व्यवस्था गरेको ग्राहक सेवा केन्द्रको प्रमुख प्राविधिक कर्मचारीलाई बुझ्नुपर्दछ ।

ट) ‘ग्राहक सेवा केन्द्र’ भन्नाले सहकारी संस्थाले आफ्नो कार्य क्षेत्रमा नो लाइट सेवाका लागि व्यवस्था गरेका सहकारी संस्थाको शाखा कार्यालयलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## ग्राहक वर्गीकरण:

**३. <u>ग्राहक वर्गीकरण:</u>**

बिद्युत वितरण र महसुल दर निर्धारणका लागि देहाय बमोजिम ग्राहक वर्गीकरण गरिएको छ ।

क) ग्राहस्थ: आवासीय उद्धेश्यका लागि ६ किलोवाटभन्दा कम बिद्युत क्षमता उपभोग गर्ने ग्राहकलाई जनाउँछ । (ग्राहकको वर्गिकरण ने.वि.प्रा. बिद्युत महशुल संकलन नियमावली २०७६ ले परिभाषित गरे अनुसार हुनेछ )

ख) औद्योगिक : उत्पादन तथा सेवा प्रदान गर्ने उद्धेश्यले दर्ता भएका उद्योगहरु यस अर्न्तगत पर्दछन् ।

ग) खानेपानी: खानेपानी आपूर्तिको प्रयोजनका लागि उपभोग गरिने बिद्युत शक्ति खपत गर्ने ग्राहक यस अर्न्तगत पर्दछन् ।

घ) अस्थायी वत्ती: साधारणतया ९० दिन वा सोभन्दा कम दिनको लागि बिद्युत शक्तिको प्रयोगका लागि माग गर्ने ग्राहक यस अन्तरगत पर्दछन् । थप समयको आवश्यक पर्दा संस्था र ग्रहकको समझदारीबाट यो अवधि अरु थप गर्न सकिनेछ ।

ङ) व्यापारिक : ने.वि.प्रा. विद्युत महसुल संकलन विनियमावली २०६९ को व्यापारिक वर्गमा मात्र पर्ने ग्राहकहरुलाई जनाउँछ ।

च) गैरव्यापारिक : ने.वि.प्रा. विद्युत महसुल संकलन विनियमावली २०६९ को गैरव्यापारिक वर्गमा मात्र पर्ने ग्राहकहरुलाई जनाउछ ।

## परिच्छेद ३

## बिद्युत महसुल तथा सेवा शुल्क:

**४. क**) ने.वि.प्रा. बिद्युत महसुल दर २०६९ लाई आधार मानि बिद्युत महसुल तथा सेवा शुल्क अनुसूचि १(१-११) आनुसार यस सहकारी संस्थाको मिति २०६९।१०।२९ गते बसेको संचालन समितिको निर्णय अनुसार संसोधन गरी लागु गरीएको छ ।

ख) बिद्युत महसुल दर रेट नेपाल बिद्युत प्राधिकणबाट निर्धारण भएको आधारमा रहने छ , सेवा सञ्चालन शुल्क तथा अन्य दण्ड जरिवानाहरु सञ्चालक समितिबाट आवश्यकतानुसार समय समयमा परिमार्जन गरी लागु भए अनुसार हुनेछ ।

## परिच्छेद ४

## बिद्युत महसुल संकलन

**५. बिद्युत महसुल संकलन:**

क) सहकारी संस्थाका ग्राहकहरुबाट बिद्युत उपभोग गर्दा देहायका सर्तहरु पालन गर्नु पर्नेछ :

१. मिटर जाँच गर्न आउनेलाई मिटर जाँच गर्ने मौका तुरुन्त दिनुपर्दछ । मिटर रिडरले लगातार तिन पटकसम्म मिटर रिडिङ गर्न नपाएमा बिद्युत जडान काट्न सकिनेछ ।
२. ग्राहकको अनुरोधमा बिद्युत सम्बन्धी कुनै पनि कार्य गर्नु परेमा महसुल चुक्ता भैसक्नु पर्ने हुदाँ महसुल तिरेको उपभोक्ता कार्ड काम गर्न खटिएका कर्मचारीलाई देखाउनु अनिवार्य छ ।
३. कथम कदाचित विल प्राप्त नभएमा पनि ग्राहकले विद्युत महसुल बुझाउनु पर्नेछ । प्रत्येक महिनाको (रिडिङ अवधिको) बिद्युत महसुल कार्यालयमा सम्पर्क गरी यथासमयमा बुझाउनु पर्नेछ । सो नगरी जरिवाना लाग्न गएमा सहकारी संस्था जवाफदेही हुने छैन ।
४. वल्डिङ सेट र पाँच हर्स पावरभन्दा बढी क्षमताको मोटरहरु प्रयोग गर्ने ग्राहकहरुले तोकिएको क्यापासिटर लगनयत अन्य सेफ्टी उपकरणहरु जडान गर्नु पर्दछ ।
५. संघसंस्थाहरुले ग्राहक सेवा सम्बन्धी आर्थिक कारोवारको भुक्तानी चेकबाट गर्दा दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लिमिटेडको नाममा एकाउन्टपेयी चेकमार्फत गर्न सकिने छ । सोको जानकारी समयमा नै यस संस्थालाई प्राप्त हुनु पर्नेछ । ग्राहकबाट चेक मार्फत भुक्तानी भएको रकमको गणना संस्थाको खातामा जम्मा भएपछि मात्र मान्य हुनेछ ।
६. बिद्युत सम्बन्धी प्रचलित ऐन नियम तथा सहकारी संस्था लिमिटेडको विनियम, विनियमालीहरु र निर्देशिकाहरु पालन गर्नु सबै ग्राहकको कर्तव्य हुनेछ ।

ख) बिद्युत महसुल बुझाउँदा ग्राहकलाई निम्न बमोजिमको व्यवस्था हुनेछ:

क) उपभोक्ताहरुले मिटर रिडिङ्ग गरेको दिन मिटर रिडरबाट मिटर रिडिङ्ग विल प्राप्त गर्नेछन् ।

ख) महसुल बुझाएपछि महसुल बुझेको विल (रसिद) मिटर रिडरमार्फत  प्राप्त गर्नेछन् ।

ग) उपभोक्ताहरुले विद्युत महसुलको भुक्तानी मिटर रिडिङ गरेकै दिन आ-आफ्नो घरबाट मिटर रिडरलाई वुझाउन सक्नेछन् । कुनै कारणवश त्यस दिन महसुल वुझाउनु नसके सहकारी संस्थाले तोकेको स्थान वा कार्यालय र तोकेको मितिमा आफैं गई महसुल बुझाउनुपर्नछ ।

घ) मिटर रिडिङ हुने दिनमा महसुल तिरेमा २ प्रतिशत छुट दिइने छ । साथै तोकेको सेवा केन्द्र , स्थान र मितिमा बुझाउनेलाई यो सुविधा प्राप्त हुनेछ ।

ङ) महसुल संकलनका लागि तोकेको स्थान र समय सकिएको **दोश्रो दिनदेखि १५** दिनसम्म महसुल बुझाएमा ५ प्रतिशत जरिवाना लाग्नेछ । (संकलन केन्द्रमा तोकेको समयभीत्र बुझाएमा जरिवाना लागु हुने छैन ।)

च) बिधुत महसुल  १६ औ दिनदेखि ३० औ दिनसम्म  बुझाएमा १० प्रतिशत जरिवाना लाग्नेछ ।

छ) मिटर रिडिङ्ग हुने दिनको ३१ औ दिनदेखि २५ प्रतिशत जरिवाना लाग्नेछ ।

ज) मिटर रिडिङ हुने दिनको ६० औ दिनसम्म पनि ग्राहकले रकम नबुझाइ बसेमा विना सूचना जुनसुकै समयमा पनि बिद्युत जडान काटिनेछ । यसरी विद्युत जडान काटिएपछि पुन: जडान गर्नुपरेमा सम्पूर्ण बाँकी महसुल, जरिवाना र पुन: जडान शुल्क तिरेपछि मात्र विद्युत जडान गरिनेछ ।

झ) बिद्युत महसुल संकलन (रिडिङ समेत) समय, छुट तथा जरिवाना सहकारी संस्थाको सञ्चालक समितिबाट निर्धारण भएअनुसार हुनेछ ।

ग्राहकको सुविधाका लागि मात्र संस्थाले घर वा गाउँवस्तीबाट महसुल संकलन गरेको हो । त्यसैले ग्राहकले कम्तीमा पनि वर्षको एक पटक आफ्नो महसुल हिसाबको रेकर्ड रुजु गर्न कार्यालयमा अनिवार्य आउनु ग्राहकको जिम्मेवारी हुनेछ ।

## परिच्छेद ५

## बिद्यतु सेवा सञ्चालन प्रक्रिया

यस सहकारी संस्थाबाट बिद्युत सेवा सञ्चालन प्रक्रियालाई स्थानीय तहबाट सेवा पुर्‍याउने उद्देश्यले निम्नअनुसार प्रक्रिया लागू गरिएको छ :

६.१. सहकारी संस्थाको कार्य क्षेत्रभित्र बिद्युत वितरण लाइन तयार भइ ट्रान्सफरमर चार्ज भएका वस्तीहरुमा ग्राहक सेवा वितरण गरिनेछ ।

६.२. उपभोक्ताहरुको घरमा बिद्युत सेवा जडान गर्न आवश्यक (प्रारम्भिक) प्रक्रिया वडा ट्रान्सफरमर समन्वय उपसमितिमार्फत गरिनेछ ।

६.३. ग्राहक सेवा सञ्चालन कार्यका लागि सहकारी संस्थाबाट सरल ढाँचाका फारमहरु (अनुसूचि २ क फारम नं १ देखि ६सम्म) तयार गरेको छ ।

६.४. ट्रान्सफरमर उपसमिति वा प्राविधिक कर्मचारीबाटबाट प्रकृया पूरा गरी सिफारिस गरिएका बिद्युत माग आवेदनलाई सिफारिसको आधारमा सहकारी संस्थाबाट स्वीकृत प्रदान गरिनेछ ।

६.५. स्वीकृत आवेदनहरुको लगत राखी प्राविधिकबाट मिटर जडान गरिनेछ ।

६.६. मिटर रिडिङ्ग, महसुल संकलन मिटर रिडरले ट्रान्सफरमर उपसमितिको सहयोग र समन्वयमा गर्नेछ ।

६.७. मिटर रिडरले संकलित महसुलको विवरण(फारम नं ६) भरी बैंक भौचर रकम सहित तोकिएको दिनमा सहकारी संस्थामा दाखिला गर्नु पर्नेछ । तोकेको समयमा संस्थामा रकम तथा विवरण नबुझाएमा सम्बन्धित कर्मचारी जरिवानाको भागीदार हुने छन् ।

६.८. बिद्युत महसुल संकलन नियमावली २०६९ र यसै निर्देशिकाको आधारमा महसुल असुली प्रक्रिया निर्धारण गरिएको छ ।

६.९. ग्राहकको मिटर रिडिङ्ग गर्न सहकारी संस्थाले समय तालिका निर्धारण गर्नेछ र संकलित रकम मिटर रिडरले निर्धारित समयभित्र सहकारी संस्थामा बुझाउनुपर्नेछ ।

६.१०. विद्युत सेवा सञ्चालन प्रक्रियालाई सहयोग पुर्‍याउन सहकारी संस्थाबाट हाउस वाइरिङ्ग र सेवा सञ्चालनका सम्पूर्ण सामान सुपथ मुल्यमा सहकारी संस्थाबाट खरिद गर्ने व्यवस्था मिलाइएको छ । यो कार्य ट्रान्सफरमर उपसमितिको समन्वय र सहकार्यमा गरिनेछ ।

६.११. हाउस वाइरिङ्का सामान खरिद गरे वापत उपभोक्ताको हितका लागि ट्रान्सफरमर उपसमितिको कोषमा कारोवारको निश्चित प्रतिशत रकम (स्थानीयस्तरमा बिद्युत मर्मत सम्भारका लागि) उपलब्ध गराउने छ ।

६.१२. प्रत्येक महिनामा सेवा सञ्चालन, विद्युत विस्तार र मर्मतसम्भार कार्यको विवरण केन्द्र प्रमुखले सहकारी संस्थामा लिखित रुपमा बुझाउनु पर्नेछ ।

### ७. ग्राहक सेवा सञ्चालन सम्बन्धी सर्तहरु:

क) विद्युत जडान तथा सेवा उपभोग गर्दा यस बापत लाग्ने सेवा शुल्क तोकिएको समयमा बुझाउनुपर्नेछ । तोकिएको समयभित्र भुक्तानी नबुझाएमा लाइन काटिने छ । यसरी काटिएको लाइन पुन: जोड्नु पर्दा पूरानो बाँकी महसुल , लाइन काट्दा र जडान गर्दा लाग्ने दस्तुर समेत भुक्तानी गर्नु पर्नेछ ।

ख) बिद्यतु जडानको इष्टिमेट मूल्यमा आधारित सेवा शुल्क उपभोक्तले तिर्नु पर्नेछ ।

ग) मिटर सहकारी संस्थाबाट निर्धारित रकम लिइ उपलब्ध गराइनेछ ।

घ) उपभोक्ताले सर्भिस लाइनको प्रवेश स्थान, मिटर र कट आउट फ्युज (मेन स्वीच, एम.सि.वि) कर्मचारीले कुनै पनि बखत हेर्न सकिने गरी राख्नु पर्नेछ ।

ङ) गुणस्तरीय हाउस वाइरिङ भएपछिमात्र बिद्युत लाइन जोडिनेछ ।

च) उपभोक्ताले मिटरको तार, मिटर लाइनमा कुनै पनि प्रकारको वाधा अवरोध गर्न र कुनै साधनद्वारा मिटर नचल्ने, ढिला घुम्ने, आदि काम गरी वास्तविक खपतभन्दा कम खपत देखाउने, नियम विपरित कुनै कार्य गरी बिजुलीको अनाधिकृत उपभोग गर्न पाउने छैन । त्यसो गरेमा नियमानुसार सजायको भागीदार हुनेछ ।

छ) उपभोक्ताले कुनै पनि अवस्थामा सहकारी संस्थाको शील, छाप र अरु सम्पति नोक्सान गर्न पाउने छैन । त्यसो गरेमा दण्ड जरिवाना लाग्नेछ ।

ज) ग्राहस्थ जडानको सम्बन्धमा घर जग्गाको स्वामित्व भएको संघ-संस्था वा व्यक्तिकै नाममा मात्र बिद्युत जडान गरिनेछ । घर जग्गा ग्राहकको नाममा नभएमा वडा कार्यालयको सिफारिस सहित धरौटी लिई विद्युत जडान गरिने छ ।

ञ) औद्योगिक र व्यापारिक बिद्युत जडान घर /जग्गा स्वामित्व भएको संघ/संस्थाको स्वामित्ववालाको जमानतमा पनि मिटर जडान गर्न सकिनेछ ।
ट) एकै घर कम्पाउन्डमा एकभन्दा बढी मिटर राख्नुपर्ने कुनै मनासिव कारण देखिएमा मात्र जडान गर्न सकिनेछ
ट) घर खरिद गरी बिद्युत उपभोक्ताको हक आफ्नो हुन आएमा खरिद गर्दासम्मको महसुल चुक्ता हुनु पर्नेछ ।
ठ) बिद्युत शक्ति आवश्यकता नभइ लगत खारेज गर्नु परेमा लगत खारेज गरिने दिनसम्मको बाँकी रकम चुक्ता गरी सहकारी संस्थाबाट प्राप्त हुने लगत खारेजी भरी खारेज फारम गराउनु पर्नेछ । यसरी सो आवेदन लिखित रुपमा प्राप्त नभएसम्म न्यूनतम शुल्क लागी नै रहनेछ ।
ड) नयाँ मिटर जडान वा पुन:जडान गर्न ट्रान्सफरमर उपसमितिको वा वडा ट्रान्सफरमर समन्वय समितिको सिफारिस साथ निवेदन गर्नु पर्नेछ ।
ढ) कुनै पनि सरकारी वा गैरसरकारी संस्थाले बिद्युत जडान गर्नु पर्दा संस्था दर्ता प्रमाण पत्र, कार्य समितिको निर्णय र नगरपालिका/गाउँपालिका वडाको सिफारिस आवश्यक पर्नेछ । साथै सरकारी कार्यालयको हकमा सम्बन्धित कार्यालयको निर्णय सहितको माग हुनु पर्नेछ ।
ण) जडान शुल्क, तथा पुन: जडान शुल्क यस सहकारी संस्थाले निर्धारण गरे अनुसार हुनेछ ।

## परिच्छेद ६
## बिद्युत प्रणालीको सुरक्षा तथा दण्ड जरिवाना

### ८. बिद्युत प्रणालीको सुरक्षा :

क) ग्राहकले बिद्युत सुरक्षाको लागि उपभोग गर्दा निम्नानुसार प्रक्रिया अपनाउनु पर्नेछ
१) बिग्रेका वा टुटेफुटेका सामानहरू प्रयोग गर्न पाइने छैन ।
२) प्रयोगमा ल्याइने उपकरणहरू यस संस्थाका प्राविधिक वा दक्ष प्राविधिकलाई जँचाई स्वीकृत गरे पश्चात मात्र प्रयोगमा ल्याउन सकिनेछ ।
३) बिद्युतीय सामान तथा उपकरणहरू प्रयोग गर्दा गुणस्तरीय हुनु पर्नेछ ।
४) मोटर तथा अन्य उपकरण प्रयोग गर्दा ५ हर्स पावरदेखि थप क्षमता उपभोग गर्ने ग्राहकले अनुसुचि ४ मा निर्धारण गरेको मापदण्ड पूरा गर्नुपर्नेछ ।
५) ग्राहकले खपत गर्ने बिद्युत शक्तिको आधारमा संस्थाले तोकेको गुणस्तरमा हाउस वाइरिङ गर्नु पर्नेछ ।
६) ग्रहकले घरको सुरक्षाको लागि आवश्यक उपकारण प्रयोग गर्नु पर्नेछ ।
७) बिद्युतीय संरचना (११ केभी बिद्युतीय लाइन) को दुइ मिटर वरपर घर, गोठ तथा भवनहरु निर्माण गर्न पाइने छैन । तर , ए.वि.सी केवुलको हकमा यो नियम लागु नहुन सक्छ ।
८) प्रत्येक ग्राहकले मिटर जडान गर्न मेन स्वीच, एम.सि. वि. <u>किट क्याट फ्युज</u> अनिवार्य राखेको हुनु पर्नेछ ।
९) पोलदेखि मिटरसम्मको सर्भिस केवुल सवैले देखिने गरी वायरिङ गरेको हुनु पर्दछ । सर्भिस केवुलमा चोट पटक तथा छिल्ने काम गर्न पाइने छैन ।
१०) ग्राहकले आफ्नो घरको विद्युत सुरक्षाका लागि अर्थिङ्ग व्यवस्थित रुपमा गर्नुपर्नेछ । आवश्यकता अनुसार ग्राहकले लाइटिङको जोखिमबाट बच्नका लागि लाइटिङ एरेस्टर घर/अफिसमा जडान गर्नुपर्छ ।

### ख)दण्ड जरिवाना:

१) कोही कसैले जानाजानी वा लापर्वाहीले बिद्युतीय संरचनाको हानी नोक्सानी पुर्‍याएमा अनुसूचि ५ मा तोकिएअनुसार दण्ड जरिवाना लिइ उक्त सामान वा सो सामान मूल्य बराबरको रकम र निमार्ण वा मर्मत खर्च समेत व्यहोर्नु पर्ने छ ।

### ९. विविध:

१) सहकारी संस्थाका प्राविधिक तथा अन्य जनशक्तिहरुले संस्थाको जिम्मेवारीभन्दा बाहिरका अन्य व्यक्ति वा संस्थाको काम गर्नुपर्दा अनुसूचि ६ मा तोकिएअनुसार सेवा शुल्क संस्थालाई बुझाउनु पर्नेछ ।
२) यस सहकारी संस्थाको कार्यक्षेत्र अन्तरगत कुनै व्यक्ति संघ संस्था वा फर्मले विद्युत उपभोगका लागि लाइन विस्तार तथा ट्रान्सफरमर जडान गर्नुपर्ने भएमा उक्त कार्यका लागि सम्बन्धित व्यक्तिबाट निवेदन प्राप्त भएपछि संस्थाबाट लागत इस्टीमेट गरी उक्त इस्टीमेट अनुसारको रकम जम्मा गराइ निर्माण कार्य संस्थाबाट गराइनेछ ।
३) विद्युतसंग सम्बन्धित लगत इस्टीमेट गराउनु पर्दा ने.वि.प्रा. तथा जिल्ला दर रेटलाई आधार लिएर गर्नुपर्नेछ ।

❊ ❊ ❊

## अनुसूचि १
## बिधुत महसुल र सेवा सञ्चालन शुल्क

**तल्लो भोल्टेज (२३०/४०० भोल्ट तर्फ)**

**१.१. ग्राहस्थ:**

***क) :* ईनर्जी शुल्क: (सिंगल फेज ग्राहस्थ)**

| युनिट | ६ ए. | | १० ए. | | १६ ए. | | ३२ ए. | | ६० ए. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवा शुल्क | इनर्जी शुल्क | सेवा शुल्क | इनर्जी शुल्क | सेवा शुल्क | इनर्जी शुल्क | सेवा शुल्क | इनर्जी शुल्क | सेवा शुल्क | इनर्जी शुल्क |
| ०-२० | ३० | ३ | ४० | ४ | ५० | ४ | ७५ | ५ | १२५ | ६ |
| २१-३० | ५० | ७ | ६५ | ७ | ७५ | ७ | १०० | ७ | १५० | ७ |
| ३१-५० | ७५ | ८.५ | ९० | ८.५ | १०० | ८.५ | १२५ | ८.५ | १७५ | ८.५ |
| ५१-१५० | १०० | १० | ११५ | १० | १२५ | १० | १५० | १० | २०० | १० |
| १५१-२५० | १२५ | ११ | १४० | ११ | १५० | ११ | १७५ | ११ | २२५ | ११ |
| २५१-४०० | १५० | १२ | १६५ | १२ | १७५ | १२ | २०० | १२ | २५० | १२ |
| ४०० भन्दा माथि | १७५ | १३ | १९० | १३ | २०० | १३ | २२५ | १३ | २७५ | १३ |

ख) यस सहकारी संस्थाबाट विधुत सेवा प्राप्त गरेका ग्राहकहरुको घर गाउँ बस्तीबाट महसुल असुली गर्नु परेकाले ०६९ साल भाद्र १ गतेबाट लागु हुने गरी सबै ग्राहकबाट प्रति ग्राहक संस्थाबाट तोकिएको महसुलको अतिरिक्ति रु. १० सेवा शुल्क लाग्ने छ ।

**१. २. उद्योग**
**क) थ्री फेज/सिंगल फेज घरेलु उद्योग तथा गैर व्यापारिक ग्राहकहरुको डिमाण्ड शुल्क र ईनर्जी शुल्क विवरण**

| क्र सं | किसिम (थ्री फेज) | कि.वा | केभिए | प्रति केभिए रु | डिमाण्ड शुल्क | प्रति युनिट रेट |
|---|---|---|---|---|---|---|
| १ | ग्रामीण तथा घरेलु उद्योग | _ | | | | |
| | १६ एम्पियर | ९ | १३ | ६० | ७८० | ७.८ |
| | ३२ एम्पियर | १८ | २६ | ६० | १५६० | ७.८ |
| | ४० एम्पियर | २२ | ३१ | ६० | १८६० | ७.८ |
| २ | साना उद्योग | | | | ० | |
| | १६ एम्पियर | ९ | १३ | ११० | १४३० | ९.६ |
| | ३२ एम्पियर | १८ | २६ | ११० | २८६० | ९.६ |
| | ४० एम्पियर | २२ | ३१ | ११० | ३४१० | ९.६ |
| ३ | व्यापारी | | | | | |
| | १६ एम्पियर | ९ | १३ | ३२५ | ४२२५ | ११.२ |
| | ३२ एम्पियर | १८ | २६ | ३२५ | ८४५० | ११.२ |
| | ४० एम्पियर | २२ | ३१ | ३२५ | १००७५ | ११.२ |
| | ६० एम्पियर | ३३ | ४७ | ३२५ | १५२७५ | ११.२ |
| व्यापारी (निजी ट्रान्सफरमर भएकालाई | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १६ एम्पियर | ९ | १३ | ३१५ | ४०९५ | ११.१ |
| | ३२ एम्पियर | १८ | २६ | ३१५ | ८१९० | ११.१ |
| | ४० एम्पियर | २२ | ३१ | ३१५ | ९७६५ | ११.१ |
| ४ | **गैर व्यापारी** | | | | | |
| | १६ एम्पियर | ९ | १३ | २१५ | २७९५ | १२ |
| | ३२ एम्पियर | १८ | २६ | २१५ | ५५९० | १२ |
| | ४० एम्पियर | २२ | ३१ | २१५ | ६६६५ | १२ |
| सरकारी तथा निजी क्षेत्रबाट संचालित दुध चिस्यान केन्द्रहरुको डिमाण्ड शुल्क रु १५६० र प्रति युनिट महसुल दर रु ९ कायम गरिएको छ । | | | | | | |

| क्र.सं | किसिम(सिंगल फेज) | कि.वा | केभिए | प्रति केभिए रु | डिमाण्ड शुल्क | प्रति युनिट रेट |
|---|---|---|---|---|---|---|
| १ | **ग्रामीण तथा घरेलु उद्योग** | _ | | | | |
| | ३२ एम्पियर | ६ | ९ | ६० | ५४० | ७.८ |
| | ४० एम्पियर | ७ | १० | ६० | ६०० | ७.८ |
| २ | **साना उद्योग** | | | | ० | |
| | ३२ एम्पियर | ६ | ९ | ११० | ९९० | ९.६ |
| | ४० एम्पियर | ७ | १० | ११० | ११०० | ९.६ |
| ३ | **व्यापारी** | | | | | |
| | १६ एम्पियर | ३ | ४ | ३२५ | १३०० | ११.२ |
| | ३२ एम्पियर | ६ | ९ | ३२५ | २९२५ | ११.२ |
| | ४० एम्पियर | ७ | १० | ३२५ | ३२५० | ११.२ |
| व्यापारी (निजी ट्रान्सफरमर भएकालाई) | | | | | | |
| | १६ एम्पियर | ३ | ४ | ३१५ | १२६० | ११.१ |
| | ३२ एम्पियर | ६ | ९ | ३१५ | २८३५ | ११.१ |
| | ४० एम्पियर | ७ | १० | ३१५ | ३१५० | ११.१ |
| ४ | **गैर व्यापारी** | | | | | |
| | १६ एम्पियर | ३ | ४ | २४० | ९६० | ११.५ |
| | ३२ एम्पियर | ६ | ९ | २४० | २१६० | ११.५ |
| | ४० एम्पियर | ७ | १० | २४० | २४०० | ११.५ |

***१.३ मिटर जडान (सेवा शुल्क समेत):***

| क्र.सं. | नयाँ मिटर जडान | सेवा शुल्क | जडान शुल्क | बिबिध शु:ल्क | सर्ट डाउन शुल्क |
|---|---|---|---|---|---|
| १ | ६ एम्पीयरसम्म | ३०० | ३०० | | एल टी लाइनको रु.३०० र एच टी लाइनको रु.५०० |
| २ | १0 एम्पीयरसम्म | ४०० | ३०० | | |
| ३ | १६ एम्पीयरसम्म | ५०० | ३०० | | |
| ४ | ३२ एम्पीयरसम्म | ६०० | ५०० | | |
| ५ | ३२ एम्पीयरभन्दा माथि | ७०० | ५०० | | |
| ६ | ३ फेज सप्लाई (१0KW सम्म | १५०० | १००० | | |
| ७ | ३ फेज सप्लाई (१0 २0KW सम्म | २५०० | १५०० | | |
| ८ | ३ फेज सप्लाई (२0KW सम्म सामुदायिक, सेवामुलकतर्फ | १५०० | १५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ३ फेज सप्लाई (२०KWभन्दामाथि) | ४५०० | २००० | | |

(थ्री फेज मिटर जडान गर्दा मिटर जडान वाहेकको थ्री फेज वायरिङ शुल्क यसमा समावेश गरिएको छैन)

*१.४. फ्युज सेवा:*

| क्र.सं. | सेवा | विवरण | सेवा शुल्क |
|---|---|---|---|
| १ | सिंगल फेज | २०० (ट्रान्सफरमर उपसमितिले निर्धारण गर्ने) | |
| २ | थ्रि फेज | १००० (ट्रान्सफरमर उपसमितिले निर्धारण गर्ने) | |
| ३. | थ्रिफेज उद्योग(१०KWभन्दा माथि | २००० (सहकारी संस्थाबाट निर्धारण हुने | |

*१.५ मिटरको क्षमता थपघट गराउँदा:*

| क्र.सं. | विवरण | सिंगल फेज | थ्री फेज(१०KWसम्म) | थ्रीफेज(१०KWभन्दामाथि) |
|---|---|---|---|---|
| १ | मिटरको क्षमता बढाउँदा | ३०० | ५०० | १००० |
| २ | मिटरको क्षमता घटाउँदा | ४०० | १००० | २००० |

*नोट: मिटर जडान तथा पावर थप भएको ३ महिना अगाडी पुन: थप तथा घट गर्ने कार्य हुदैन ।*

*१६. पुन: शिल्ड शुल्क:*

*क) ग्राहस्थ:*

| क्र.सं. | विवरण | मिटर शिल्ड | |
|---|---|---|---|
| १ | उपभोक्ताको निवेदन परेकोमा | २०० | |
| २ | संस्थाले फेला पारेकोमा | १००० | |

*ख) उद्योग:*

| क्र.सं. | विवरण | मिटर शिल्ड | |
|---|---|---|---|
| १. | उपभोक्ताको निवेदन परेकोमा | ५०० | |
| २. | संस्थाले फेला पारेकोमा | २००० | |

*१.७. बिधुत सप्लाई काट्ने र पुन: जोड्ने:*

| क्र.सं. | विवरण | सिंगल फेज | थ्री फेज (१०KWसम्म) | थ्री फेज (२०KWसम्म) | थ्री फेज (२०KWभन्दामाथि) |
|---|---|---|---|---|---|
| १ | लाइन काट्नु परेमा | ३०० | ५०० | १००० | २००० |
| २ | लाइन पुन:जडान गर्नु परेमा | १००० | २५०० | ३००० | ४००० |

•विद्युत उपभोक्ताले आफ्नो बुझाउनु पर्ने महसुल बाँकी वक्यौता नराखी अस्थायी रुपमा लाइन काटेका ग्राहकको हकमा उक्त मिटर पुन: जडान गर्नु परेमा सिंगल फेजको रु. ५०० शुल्क र थ्री फेजको रु.२,०००।- लिई पुन जडान गर्न सकिनेछ ।

*१.८. ठाउँसारी गर्दा:*

| क्र.सं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | ग्राहस्थमा | रु. ३००।- | नोट: शिल तोडी पुन: शील गर्नु परेमा शील शुल्क लाग्नेछ । साथै ग्राहस्थमा लोड सेन्टर परिवर्तन गर्नुपरेमा थप रु. ५००।- लाग्नेछ र औद्योगिकको रु.२,०००।- लाग्नेछ । |
| २ | औद्योगिक(उद्योग) | रु. १०००।- | |

*१.९ नामसारी गर्नु पर्दा:*

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| क | ग्राहस्थ: | |
| | एकाघरको अंशवण्डाको कारण लिखतको आधारमा | रु. ३००।- |
| | खरिद बिक्री भै घरजग्गाको स्वामित्व हस्तान्त्रण | रु. ५००।- |
| | (पत्रपत्रिकामा प्रकाशन गर्नु पर्ने अवस्था रहेमा) थप | रु. १०००।- |
| ख. | औद्योगिक / थ्री फेज (१० KW भन्दामाथि) | रु. २०००।- |

*१.१०. मिटर टेस्टीङ:*

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|

| | | |
|---|---|---|
| क | सिंगल फेज | रु. २५०।- |
| ख | थ्रि फेज | रु. ५००।- |

*१.११. विविध शुल्क:*

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| क | ग्राहक कार्ड | रु. २५।- |
| ख | ग्राहक नम्बर प्लेट | रु.५०।- |
| ग | औद्योगिक वाइरिङ (फिटिङ) | रु. २000देखि ५000सम्म |

***ख. अन्य सेवा शुल्क:***

***आवेदन फारम:***

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | ग्राहस्थ | रु. २५।- |
| २ | उधोग तथा अन्य | रु. १00।- |

ग)मिटर धरौटी शुल्क

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सिंगल फेज | |
| | ६-१0 ए. | रु. २00।- |
| | १६-३२ ए. | रु. ५00।- |
| २ | थ्री फेज | |
| क) | ५-१0 कि.वा.सम्म | रु. १0,000। ( ग्रामीण तया घरेल उधोग ) |
| ख) | १0-२0 कि.वा.सम्म | रु. १५000।- (साना उधोग ब्यापारी तथा गैर ब्यापारी) |
| ग) | २0 कि.वा.भन्दा माथि | रु.२0,000।- (साना उधोग ब्यापारी तथा गैर ब्यापारी) |

(कृषिजन्य घरेलु उधोगका लागि भने २0 किलोवाटसम्म नै रु.१0,000।-)

**अनुसूचि २**

**क) बिधुत सेवा सञ्चालन फारम (१ देखि ६ सम्म)**

अ) फारम नं १ बिधुत जडानको निमित्त आवेदन

आ) फारम नम्बर २ बिधुत उपभोक्ता महसुल कार्ड

इ) फारम नम्बर ३ व्यक्तिगत बिधुत महसुल रेर्कड खाता

ई) फारम नम्बर ४ मिटर रिडिङ बिल

उ) फारम नम्बर ५ बिधुत महसुल नगदी रसिद

ऊ) फारम नम्बर ६ बिधुत महसुल असुली विवरण

**ख) बिधुत सेवा सञ्चालन तथा आवश्यक प्रकृया :**

**फारम नं १ बिधुत जडानको निमित्त आवेदन**

१. ट्रान्सफरमर उपसमिति/वडा ट्रान्सफरमर समन्वय उपसमितिबाट भराउने

**क) आवश्यक कागजपत्र:**

- नागरिकताको प्रतिलिपी
- घर रहेको जग्गाको प्रमाण पुर्जाको प्रतिलिपी
- आफ्नो नाममा जमिन नभए सम्बधित जग्गावाला व्यक्तिको मन्जुरनामा, र नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- घर /भवन बनेको जग्गाको ठेगाना र कित्ता सहित खुलाएको नगर/गाउँपालिका/ वडाको सिफारिस
- सार्वजनिक स्थानमा बनेको घर /भवन भए नगर/गाउँपालिका/ वडाको सिफारिस
- औधौगिक प्रयोजनका लागि भए उधोग दर्ता प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको २ प्रति फोटा

- ❖ प्राविधिकबाट इष्टिमेट सहित सिफारिस
- ❖ ट्रान्सफरमर उपसमिति/वडा ट्रान्सफरमर समन्वय उपसमितिको सिफारिस
- ❖ **मिटर जडानका लागि अनिवार्य शेयर सदस्य बन्नु पर्ने छ।**

**ख). प्राविधिकले सिफारिस गर्दा ध्यान दिनुपर्ने :**

- ❖ वितरण लाइन पुगेको हुनुपर्ने।
- ❖ ट्रान्सफरमरले धान्न सक्ने क्षमता भएको हुनुपर्ने।
- ❖ गुणस्तरीय हाउस वाइरिङ गरेको हुनुपर्ने।
- ❖ हाउस वाइरिङ्ग दक्ष प्राविधिकाबाट प्रमाणित गरेको हुनु पर्नेछ।
- ❖ प्राविधिकबाट आवश्यक सामानको इष्टीमेट भएको हुनु पर्ने।
- ❖ बिद्युत प्रयोग हुने वस्तुको विद्युत खपतको इष्टीमेट भएको हुनुपर्ने।

**२. नयाँ मिटर जडान शुल्क:**

- ❖ प्राविधिक हिसावले बिद्युत जडान गर्न सकिने भइ आवश्यक प्रक्रिया पूरा भएपछि नयाँ मिटर जडान शुल्क (थप आवश्यक शुल्क) बुझाएको रसिद र शेयर सदस्य लिएको प्रमाण (रसिद) हुनुपर्छ।

**३ ट्रान्सफरमर उपसमिति एवं वडा ट्रान्सफरमर समन्वय उपसमितिको सिफारिस:**

- ❖ प्रकृया पुरा भएका आवेदकलाई ट्रान्सफरमर उपसमितिबाट फारममा अध्यक्ष/सचिवको सिफारिस एवं गाउँपालिका/नगर वडाको छुट्टै सिफारिस सम्लग्न गरी सहकारीमा पेश गर्ने
- ❖ ट्रान्सफरमर उप-समितिबाट सिफारिस हुन नसकेमा ट्रान्सफरमर एवं वडा समन्वय उप-समितिको सिफारिस संलग्न गरी पेश गर्ने।

**४. स्वीकृत गर्ने:**

- ❖ ट्रान्सफरमर उपसमितिबाट सिफारिस भै आएको आवेदन फारम सहकारी संस्थाबाट (प्राविधिक मुल्यांङ्कनको आधारमा) स्वीकृत गरी मिटर जडान गर्ने
- ❖ अन्त्यमा प्राविधिकले मिटर जडान गरेको प्रमाणित गरी लगत राख्ने।

**<u>२. फारम नम्बर २ बिद्युत उपभोक्ता महसुल कार्ड:</u>**

- ❖ बिद्युत जडान भएपछि सम्पूर्ण विवरण खुल्ने गरी लेखिएको कार्ड दिइने छ।
- ❖ बिद्युत महसुल बुझाउदाँ रकम भर्ने र बुझिलिनेको हस्ताक्षर र रसिद नम्बर अनिवार्य रुपमा लेखाउनु पर्नेछ।
- ❖ कार्ड हराएमा प्रत्येक पटक रु २५।- तिरी अर्को लिनु पर्ने हुन्छ।
- ❖ एउटा कार्ड २ वर्षको लागि हुनेछ।

**<u>३. फारम नम्बर ३ व्यक्तिगत बिद्युत महसुल रेकर्ड खाता:</u>**

- ❖ यस खाता सहकारी संस्थामा रहन्छ।
- ❖ यस खातामा फारम नम्बर ६ (बिद्युत महसुल असुली विवरण) मा मिटर रिडरबाट मासिक विवरण प्राप्त भएपछि भरिनेछ।
- ❖ यस खातामा फारम नम्बर ५(नगदी रसिद)को रसिद नम्बर र रकम रहने छ।
- ❖ यस खातामा प्रत्येक ग्राहकको विद्युत खपत युनिट, शुल्क, जरिवाना र प्रत्येक महिनाको असुली मिति र रसिद नम्बर समेत उल्लेख भएको हुनेछ। यो विवरण खाता सफ्ट्वेयरमा राखिनेछ।

**<u>४. फारम नम्बर ४ मिटर रिडिङ विल:</u>**

- ❖ प्रत्येक महिनामा मिटर रिडरबाट बिद्युत खपत युनिट हेरी महसुल बुझाउन जारी गरिने जानकारी पूर्जी हो।
- ❖ प्रत्येक महिना ग्राहकको मिटर रिडिङ्ग गरी १ प्रति ग्राहकलाई उपलब्ध गराइन्छ।
- ❖ फारम नं. ४ को अर्धकट्टीबाट फारम नं ५ नगदी रसिदका लागि महसुल संकलन गर्न र फारम नं. ६ बिद्युत महसुल असुली विवरण फारम भर्नाका लागि आधार मानिन्छ।

❖ मिटर रिडरबाट मिटर रिडिङ्गको जानकारीको लागि एक प्रति रिडिङ बिल ग्राहकलाई दिई सहकारी अफिसमा अर्धकट्टी बुझाउनु पर्नेछ ।

**५. फारम नम्बर ५ बिधुत महसुल संकलन नगदी रसिद:**

- ❖ यो रसिद तीनप्रति हुन्छ । पहिलो उपभोक्तालाई दिने, दोस्रो प्रति सहकारी संस्थामा बुझाउने हो ।
- ❖ मिटर रिडिङ्ग बिलको आधारमा ग्राहकबाट नगद बुझिएको प्रमाण यो नगदी रसिद हो ।
- ❖ विधुत महसुल नगदी रसिद, बैंङ्क भौचर वा नगद रकम र फारम नम्बर ६ सहित सहकारी संस्थामा बुझाउनु पर्नेछ ।

**६. फारम नम्बर ६ बिधुत महसुल असुली विवरण:**

- ❖ विधुत महसुल असुली विवरण मिटर रिडिङ्गबाट महसुल संकलन भएपछि मिटर रिडरबाट फारम नं. ४ (मिटर रिडिङ्ग बिल ) र फारम नं. ५ (बिधुत महसुल नगदी रसिद) को आधारमा भरिन्छ ।
- ❖ मिटर रिडरबाट संकलित रकम, बिल रुजु गरी कार्यालयमा बुझाउनु पर्नेछ ।
- ❖ यस फारमका साथ बैंङ्क भौचर वा नगद र नगदी रसिदको दोस्रो प्रति संलग्न राखी नगद वा बैङ्क भौचर सहित सहकारी संस्थामा बुझाउनु पर्नेछ ।
- ❖ फारम नं. ६ को आधारमा संस्थामा ग्राहकको रेकर्ड व्यक्तिगत खाता तथा सफ्टवेयरमा प्रविष्टि गर्ने काम हुनेछ ।

## अनुसूचि- ४

**हाउस वाइरिङ्ग मापदण्ठ तथा आवश्यक उपकरण :**

क) सामान्य घरहमा गरिने हाउस वाइरिङ्गको गुणस्तर :
१) प्रत्येक घरहरुमा मेन स्वीच अनिवार्य हुने छ ।
२) एम.सि.बि./kitkat fuse हुनु पर्दछ ।
३) वाइरिङ गर्दा न्यूनतम ३/२२ वा ३/२० तारबाट हुनु पर्दछ ।
४) प्रत्येक घरहरुमा अर्थिङ्ग हुनुका साथै मेन स्वीच, मेटल वडी भएका उपकरणमा अर्थिङ्ग जोडिएको हुनुपर्दछ ।
५) थप लाइन जोड्नु वा लिनु परेमा जक्सन वक्सबाट समान लोड पर्ने गरी लिनुपर्दछ ।
६) प्रत्येक उपकरणहरुका लागि छुटाछुटै स्वीच हुनु पर्दछ ।
७) सबैभन्दा महत्वपूर्ण कुरा सुरक्षाको हिसावले गुणस्तरीय वाइरिङ्ग एवं गुणस्तरिय सामान प्रयोग भएको हुनुपर्नेछ ।

ख) ३ फेज लाइन लिने (औधोगिक) ग्राहकले निम्न अनुसार वाइरिङ्ग गरिएको हुनु पर्दछ :
१) थ्रि फेज मेन स्वीच अनिवार्य हुनुपर्दछ ।
२) ३ फेज एम.सि.वी. हुनुपर्दछ ।
३) D.O.L. Statar अनिवार्य हुनुपर्दछ ।
४) Capacitor ( पावर फ्याक्टर ०.८) अनुसार हुनुपर्छ ।
५) Three Phase wiring न्यूनतम ७/२२ वा ७/२० तारबाट हुनु पर्नेछ ।
६) मेटल वडी भएको उपकरणको Earthing जोड्दा Earth Point/ Metal Body मा जाडिनुपर्छ ।
७) आवश्यकता अनुसार Voltmeter / Amp Meter राख्नु पर्नेछ ।
८) थ्री फेज वाइरिङ्ग गर्दा पि.भि.सी. पाइप वा लिस्टीकबाट तार खुल्ला नदेखिने गरिनुपर्दछ ।

ग) 5 KW भन्दा माथिका औद्योगिक ग्राहकले निम्न अनुसार वाइरिङ गरिएको हुनु पर्दछ:
१) ३ थ्रि फेज मेन स्वीच अनिवार्य हुनुपर्दछ ।
२) ३ फेज एम.सि.वी. ४ Pole हुनुपर्दछ ।

३) Automatic Star/ Delta Stator राख्नु पर्नेछ ।
४) पावर फ्याक्टर ०.८ कायम राख्न Capacitor को प्रयोग अनिवार्य छ ।
५) wairing ७/२० (७/१८) बाट हुनु पर्नेछ ।
६) मेटल वडी भएको उपकरणको Earthing जोड्दा Earth Point/ Metal Body मा जाडिनुपर्छ ।
७) आवश्यकता अनुसार Voltmeter / Amp Meter राख्नु पर्नेछ ।
८) वाइरिङ्ग गर्दा पि.भि.सी. पाइप वा लिस्टीकबाट तार खुल्ला नदेखिने गरिनुपर्दछ ।

नोट : मिटर जडान गर्नु अघि औधौगिक वाइरिङ्ग संस्थाको प्राविधिकबाट निरीक्षण गराउनुपर्नेछ ।

## अनुसूचि - ५

**दण्डा जरिवाना:**

| क्र.सं. | विवरण | जरिवाना शुल्क | सामानको शुल्क |
|---|---|---|---|
| १ | काठको पोल ढलाएमा वा भाँचेमा | २५००-५००० | सामानको मूल्य र निर्माण शुल्क समावेश गरेको छैन |
| २ | मेटल पोल ढलाएमा वा भाँचेमा | ५०००-७००० | " " " " |
| ३ | तार लाइनबाट खुस्काएमा वा चुडाँएमा | २५००-५००० | लाइन निर्माण खर्च सामान र तारको मूल्य समावेश गरिएको छैन । |
| ४ | ट्रान्सफरमर विगारेमा | १0,000-२0,000 | इस्टमेट अनुसार |
| ५ | अन्य सामानहरु विगारेमा | ५00देखि १000सम्म | " " |

## अनुसूचि- ६

**सेवा शुल्क**

| क्र.सं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय समुदायमा सञ्चालकले स्रोत व्यक्तिको रुपमा तालिममा काम गर्दा | २000।-सम्म | प्रति दिन |
| २ | प्राविधिकबाट काम गराउँदा | १५00।- सम्म | प्रति दिन |
| ३ | सहायक प्राविधिकबाट काम गराउँदा | १२00।- सम्म | प्रति दिन |
| ४ | अन्य जनशक्तिबाट काम गराउँदा | १000।- सम्म | प्रति दिन |
| ५ | अन्य संघ संस्थामा स्रोत व्यक्ति तथा कार्यक्रम संयोजकको रुपमा तालिम, परामर्श, अनुसन्धान लगायत काम गर्दा गराउँदा कामको प्रकृति हेरी | ३,५00।- देखि ७,५00।- सम्म | प्रति दिन |

संशोधन गरिएको

## अनुसूचि १
## बिधुत महसुल र सेवा सञ्चालन शुल्क

### तल्लो भोल्टेज (२३०/४०० भोल्ट तर्फ)

**<u>१.१. ग्राहस्थ:</u>**

***क) :*** **<u>ईनर्जी शुल्क: (सिंगल फेज ग्राहस्थ)</u>**

| युनिट | ६ ए. | | १० ए. | | १६ ए. | | ३२ ए. | | ६० ए. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनतम शुल्क | इनर्जी शुल्क | न्यूनतम शुल्क | इनर्जी शुल्क | न्यूनतम शुल्क | इनर्जी शुल्क | न्यूनतम शुल्क | इनर्जी शुल्क | न्यूनतम शुल्क | इनर्जी शुल्क |
| ०-१० | ३० | ०.०० | ४० | ४.०० | ५० | ४.०० | ७५ | ५.०० | १२५ | ६.०० |
| ११-२० | ३० | ३.०० | ४० | ४.०० | ५० | ४.०० | ७५ | ५.०० | १२५ | ६.०० |
| २१-३० | ५० | ६.५० | ६५ | ६.५० | ७५ | ६.५० | १०० | ६.५० | १२५ | ६.५० |
| ३१-५० | ५० | ८.०० | ६५ | ८.०० | ७५ | ८.०० | १०० | ८.०० | १२५ | ८.०० |
| ५१-१०० | ७५ | ९.५० | ९० | ९.५० | १०० | ९.५० | १२५ | ९.५० | १५० | ९.५० |
| १०१-१५० | १०० | ९.५० | ११५ | ९.५० | १२५ | ९.५० | १५० | ९.५० | २०० | ९.५० |
| १५१-२५० | १२५ | १०.०० | १४० | १०.०० | १५० | १०.०० | १७५ | १०.०० | २०० | १०.०० |
| २५१-४०० | १५० | ११.०० | १६५ | ११.०० | १७५ | ११.०० | २०० | ११.०० | २५० | ११.०० |
| ४०० भन्दा माथि | १७५ | १२.०० | १९० | १२.०० | २०० | १२.०० | २२५ | १२.०० | २७५ | १२.०० |

ख) यस सहकारी संस्थाबाट विधुत सेवा प्राप्त गरेका ग्राहकहरुको घर गाउँ बस्तीबाट महसुल असुली गर्नु परेकाले ०६९ साल भाद्र १ गतेबाट लागु हुने गरी सबै ग्राहकबाट प्रति ग्राहक संस्थाबाट तोकिएको महसुलको अतिरिक्ति रु. १० सेवा शुल्क लाग्नेे छ ।

**१.२. गैर ग्राहस्थ तथा अन्य ग्राहकहरुका लागि ईनर्जी शुल्क :**

क) नीजि ट्रान्सफरमर नभएका ग्राहकहरुका लागि

| क्र.सं. | किसिम (थ्री फेज) | कि.वा | केभिए | प्रति केभिए रु | डिमाण्ड शुल्क | प्रति युनिट रेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **<u>साना उद्योग</u>** | | | | | | |
| | १६ एम्पियर | ९ | १३ | ११० | १४३० | ९.६ | |
| | ३२ एम्पियर | १८ | २६ | ११० | २८६० | ९.६ | |
| | ४० एम्पियर | २२ | ३१ | ११० | ३४१० | ९.६ | |
| | ५० एम्पियर | २८ | ४० | ११० | ४४०० | ९.६ | |
| | ६० एम्पियर | ३३ | ४७ | ११० | ५१७० | ९.६ | |
| | ९० एम्पियर | ५० | ७१ | ११० | ७८१० | ९.६ | |
| | १६० एम्पियर | ८९ | १२७ | ११० | १३९७० | ९.६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १८० एम्पियर | १०० | १४३ | ११० | १५७३० | ९.६ | |
| | २७० एम्पियर | १५० | २१४ | ११० | २३५४० | ९.६ | |
| २ | **व्यापारी** | | | | | | |
| | १६ एम्पियर | ९ | १३ | ३२५ | ४२२५ | ११.२ | |
| | ३२ एम्पियर | १८ | २६ | ३२५ | ८४५० | ११.२ | |
| | ४० एम्पियर | २२ | ३१ | ३२५ | १००७५ | ११.२ | |
| | ५० एम्पियर | २८ | ४० | ३२५ | १३००० | ११.२ | |
| | ६० एम्पियर | ३३ | ४७ | ३२५ | १५२७५ | ११.२ | |
| | ९० एम्पियर | ५० | ७१ | ३२५ | २३०७५ | ११.२ | |
| | १६० एम्पियर | ८९ | १२७ | ३२५ | ४१२७५ | ११.२ | |
| | १८० एम्पियर | १०० | १४३ | ३२५ | ४६४७५ | ११.२ | |
| ३ | **गैह्र व्यापारी** | | | | | | |
| | १६ एम्पियर | ९ | १३ | २१५ | २७९५ | १२ | |
| | ३२ एम्पियर | १८ | २६ | २१५ | ५५९० | १२ | |
| | ४० एम्पियर | २२ | ३१ | २१५ | ६६६५ | १२ | |
| | ५० एम्पियर | २८ | ४० | २१५ | ८६०० | १२ | |
| | ६० एम्पियर | ३३ | ४७ | २१५ | १०१०५ | १२ | |
| ४ | **सिंचाइ** | | | | | | |
| | _ | _ | _ | ० | ० | ४.३० | _ |
| ५ | **खानेपानी** | | | | | | |
| क) | सामुदायिक खानेपानी | | | | | | |
| | _ | _ | _ | ० | ० | ४.२० | _ |
| ख) | अन्य खानेपानी | | | | | | |
| | १६ एम्पियर | ९ | १३ | १६० | २०८० | ७.२० | |
| | ३२ एम्पियर | १८ | २६ | १६० | ४१६० | ७.२० | |
| | ४० एम्पियर | २२ | ३१ | १६० | ४९६० | ७.२० | |
| | ५० एम्पियर | २८ | ४० | १६० | ६४०० | ७.२० | |
| | ६० एम्पियर | ३३ | ४७ | १६० | ७५२० | ७.२० | |
| | ९० एम्पियर | ५० | ७१ | १६० | ११३६० | ७.२० | |
| ६ | **धार्मिक स्थल** | | | | | | |
| | | | | ० | ० | ६.१० | |

ख) नीजि ट्रान्सफरमर भएका ग्राहकहरुका लागि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | **औद्योगिक : ११ के.भी. मझौला भोल्टेज** | | | | | | |
| | क्षमता | कि.वा | केभिए | प्रति केभिए रु | डिमाण्ड शुल्क | प्रति युनिट रेट | ट्रान्सफरमर लस |
| | १६ एम्पियर | ९ | १३ | २५५ | ३३१५ | ८.६० | खपत युनिटमा ३ % |
| | ३२ एम्पियर | १८ | २६ | २५५ | ६६३० | ८.६० | |
| | ४० एम्पियर | २२ | ३१ | २५५ | ७९०५ | ८.६० | |
| | ५० एम्पियर | २८ | ४० | २५५ | १०२०० | ८.६० | |
| | ६० एम्पियर | ३३ | ४७ | २५५ | ११९८५ | ८.६० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ९० एम्पियर | ५० | ७१ | २५५ | १८१०५ | ८.६० | |
| | १८० एम्पियर | १०० | १४३ | २५५ | ३६४६५ | ८.६० | |
| | २७० एम्पियर | १५० | २१४ | २५५ | ५४५७० | ८.६० | |
| २ | **व्यापारी** | | | | | | |
| | १६ एम्पियर | ९ | १३ | ३१५ | ४०९५ | ११.१० | |
| | ३२ एम्पियर | १८ | २६ | ३१५ | ८१९० | ११.१० | |
| | ४० एम्पियर | २२ | ३१ | ३१५ | ९७६५ | ११.१० | |
| | ५० एम्पियर | २८ | ४० | ३१५ | १२६०० | ११.१० | खपत युनिटमा ३ % |
| | ६० एम्पियर | ३३ | ४७ | ३१५ | १४८०५ | ११.१० | |
| | ९० एम्पियर | ५० | ७१ | ३१५ | २२३६५ | ११.१० | |
| | १८० एम्पियर | १०० | १७३ | ३१५ | ५४४९५ | ११.१० | |
| | २७० एम्पियर | १५० | २१४ | ३१५ | ६७४१० | ११.१० | |
| ३ | **गैह्र-व्यापारी** | | | | | | |
| | १६ एम्पियर | ९ | १३ | २४० | ३१२० | ११.५० | |
| | ३२ एम्पियर | १८ | २६ | २४० | ६२४० | ११.५० | |
| | ४० एम्पियर | २२ | ३१ | २४० | ७४४० | ११.५० | |
| | ५० एम्पियर | २८ | ४० | २४० | ९६०० | ११.५० | खपत युनिटमा ३ % |
| | ६० एम्पियर | ३३ | ४७ | २४० | ११२८० | ११.५० | |
| | ९० एम्पियर | ५० | ७१ | २४० | १७०४० | ११.५० | |
| | १८० एम्पियर | १०० | १४३ | २४० | ३४३२० | ११.५० | |
| | २७० एम्पियर | १५० | २१४ | २४० | ५१३६० | ११.५० | |
| ४ | **खानेपानी** | | | | | | |
| क) | सामुदायिक खानेपानी | | | | | | |
| | _ | _ | _ | ० | ० | ४.८० | खपत युनिटमा ३ % |
| ख) | अन्य खानेपानी | | | | | | |
| | १६ एम्पियर | ९ | १३ | १५० | १९५० | ६.८० | |
| | ३२ एम्पियर | १८ | २६ | १५० | ३९०० | ६.८० | |
| | ४० एम्पियर | २२ | ३१ | १५० | ४६५० | ६.८० | |
| | ५० एम्पियर | २८ | ४० | १५० | ६००० | ६.८० | खपत युनिटमा ३ % |
| | ६० एम्पियर | ३३ | ४७ | १५० | ७०५० | ६.८० | |
| | ९० एम्पियर | ५० | ७१ | १५० | १०६५० | ६.८० | |
| | १८० एम्पियर | १०० | १४३ | १५० | २१४५० | ६.८० | |

ग) सिंगल फेज अन्य ग्राहकहरु(ग्राहस्थभन्दा बाहेक)का लागि

| क्र. सं | किसिम(सिंगल फेज) | कि.वा | केभिए | प्रति केभिए रु | डिमाण्ड शुल्क | प्रति युनिट रेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **ग्रामीण तथा घरेलु उद्योग** | | | | | | |
| | १६ एम्पियर | ३ | ४ | ६० | २४० | ७.८० | |
| | ३२ एम्पियर | ६ | ९ | ६० | ५४० | ७.८० | |
| | ४० एम्पियर | ७ | १० | ६० | ६०० | ७.८० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५० एम्पियर | ९ | १३ | ६० | ७८० | ७.८० | |
| | ६० एम्पियर | ११ | १६ | ६० | ९६० | ७.८० | |
| २ | **साना उद्योग** | | | | | | |
| | १६ एम्पियर | ३ | ४ | ११० | ४४० | ९.६० | |
| | ३२ एम्पियर | ६ | ९ | ११० | ९९० | ९.६० | |
| | ४० एम्पियर | ७ | १० | ११० | ११०० | ९.६० | |
| | ५० एम्पियर | ९ | १३ | ११० | १४३० | ९.६० | |
| | ६० एम्पियर | ११ | १६ | ११० | १७६० | ९.६० | |
| ३ | **व्यापारी** | | | | | | |
| | ३२ एम्पियर | ६ | ९ | ३२५ | २९२५ | ११.२० | |
| | ४० एम्पियर | ७ | १० | ३२५ | ३२५० | ११.२० | |
| | ५० एम्पियर | ९ | १३ | ३२५ | ४२२५ | ११.२० | |
| | ६० एम्पियर | ११ | १६ | ३२५ | ५२०० | ११.२० | |
| ४ | **गैह्र व्यापारी** | | | | | | |
| | ३२ एम्पियर | ६ | ९ | २१५ | १९३५ | १२.०० | |
| | ४० एम्पियर | ७ | १० | २१५ | २१५० | १२.०० | |
| | ५० एम्पियर | ९ | १३ | २१५ | २७९५ | १२.०० | |
| | ६० एम्पियर | ११ | १६ | २१५ | ३४४० | १२.०० | |

### *१.३ मिटर जडान (सेवा शुल्क समेत):*

| क्र.सं. | नयाँ मिटर जडान | सेवा शुल्क | जडान शुल्क | बिबिध शुल्क | सर्ट डाउन शुल्क |
|---|---|---|---|---|---|
| १ | ६ एम्पीयरसम्म | ३०० | ३०० | | एल टी लाइनको रू.३०० र एच टी लाइनको रू.५०० |
| २ | १० एम्पीयरसम्म | ४०० | ३०० | | |
| ३ | १६ एम्पीयरसम्म | ५०० | ३०० | | |
| ४ | ३२ एम्पीयरसम्म | ६०० | ५०० | | |
| ५ | ३२ एम्पीयरभन्दा माथि | ७०० | ५०० | | |
| ६ | ३ फेज सप्लाई (१०KW सम्म | १५०० | १००० | | |
| ७ | ३ फेज सप्लाई (१० २०KW सम्म | २५०० | १५०० | | |
| ८ | ३ फेज सप्लाई (२०KW सम्म सामुदायिक, सेवामुलकतर्फ | १५०० | १५०० | | |
| ९ | ३ फेज सप्लाई (२०KWभन्दामाथि) | ४५०० | २००० | | |

(थ्री फेज मिटर जडान गर्दा मिटर जडान वाहेकको थ्री फेज वायरिङ्ग शुल्क यसमा समावेश गरिएको छैन)

### *१ .४ फ्युज सेवा:*

| क्र.सं. | सेवा | विवरण | सेवा शुल्क |
|---|---|---|---|
| १ | सिंगल फेज | २०० (ट्रान्सफरमर उपसमितिले निर्धारण गर्ने) | |
| २ | थ्रि फेज | १००० (ट्रान्सफरमर उपसमितिले निर्धारण गर्ने) | |
| ३. | थ्रिफेज उद्योग(१०KWभन्दा माथि | २००० (सहकारी संस्थाबाट निर्धारण हुने | |

### *१.५ मिटरको क्षमता थपघट गराउँदा:*

| क्र.सं. | विवरण | सिंगल फेज | थ्री फेज(१०KWसम्म) | थ्रीफेज(१०KWभन्दामाथि) |
|---|---|---|---|---|
| १ | मिटरको क्षमता बढाउँदा | ३०० | ५०० | १००० |
| २ | मिटरको क्षमता घटाउँदा | ४०० | १००० | २००० |

*नोट: मिटर जडान तथा पावर थप भएको ३ महिना अगाडी पुन: थप तथा घट गर्ने कार्य हुदैन ।*

***१६. पुन: शिल्ड शुल्क:***

*क) ग्राहस्थ:*

| क्र.सं. | विवरण | मिटर शिल्ड | |
|---|---|---|---|
| १ | उपभोक्ताको निवेदन परेकोमा | २०० | |
| २ | संस्थाले फेला परिकोमा | १००० | |

*ख) उधोग:*

| क्र.सं. | विवरण | मिटर शिल्ड | |
|---|---|---|---|
| १. | उपभोक्ताको निवेदन परेकोमा | ५०० | |
| २. | संस्थाले फेला परिकोमा | २००० | |

***१.७. विधुत सप्लाई काट्ने र पुन: जोड्ने:***

| क्र.सं. | विवरण | सिंगल फेज | थ्री फेज (१०KWसम्म) | थ्री फेज (२०KWसम्म) | थ्री फेज (२०KWभन्दामाथि) |
|---|---|---|---|---|---|
| १ | लाइन काट्नु परेमा | ३०० | ५०० | १००० | २००० |
| २ | लाइन पुन:जडान गर्नु परेमा | १००० | २५०० | ३००० | ४००० |

•विधुत उपभोक्ताले आफ्नो बुझाउनु पर्ने महसुल बाँकी वक्यौता नराखी अस्थायी रुपमा लाइन काटेका ग्राहकको हकमा उक्त मिटर पुन: जडान गर्नु परेमा सिंगल फेजको रु. ५०० शुल्क र थ्री फेजको रु.२,०००।- लिई पुन जडान गर्न सकिनेछ ।

***१.८. ठाउँसारी गर्दा:***

| क्र.सं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | ग्राहस्थमा | रु. ३००।- | नोट: शिल तोडी पुन: शील गर्नु परेमा शील शुल्क लाग्नेछ । साथै ग्राहस्थमा लोड सेन्टर परिवर्तन गर्नुपरेमा थप रु. ५००।- लाग्नेछ र औधोगिकको रु.२,०००।- लाग्नेछ । |
| २ | औधोगिक(उधोग) | रु. १०००।- | |

***१.९ नामसारी गर्नु पर्दा:***

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| क | ग्राहस्थ: | |
| | एकाघरको अंशवण्डाको कारण लिखतको आधारमा | रु. ३००।- |
| | खरिद बिक्री भै घरजग्गाको स्वामित्व हस्तान्त्रण | रु. ५००।- |
| | (पत्रपत्रिकामा प्रकाशन गर्नु पर्ने अवस्था रहेमा) थप | रु. १०००।- |
| ख. | औधोगिक / थ्री फेज (१० KW भन्दामाथि) | रु. २०००।- |

***१.१०. मिटर टेस्टीङ:***

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| क | सिंगल फेज | रु. २५०।- |
| ख | थ्रि फेज | रु. ५००।- |

***१.११. विविध शुल्क:***

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| क | ग्राहक कार्ड | रु. २५।- |
| ख | ग्राहक नम्बर प्लेट | रु.५०।- |
| ग | औधोगिक वाइरिङ (फिटिङ) | रु. २०००देखि ५०००सम्म |

***ख. अन्य सेवा शुल्क:***

***आवेदन फारम:***

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | ग्राहस्थ | रु. २५।- |
| २ | उद्योग तथा अन्य | रु. १००।- |

ग)मिटर धरौटी शुल्क

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सिंगल फेज |  |
|  | ६-१० ए. | रु. २००।- |
|  | १६-३२ ए. | रु. ५००।- |
| २ | थ्री फेज |  |
| क) | ५-१० कि.वा.सम्म | रु. १०,०००।   ( ग्रामीण तथा घरेल उद्योग ) |
| ख) | १०-२० कि.वा.सम्म | रु. १५०००।-   (साना उद्योग ब्यापारी  तथा गैर ब्यापारी) |
| ग) | २० कि.वा.भन्दा माथि | रु.२०,०००।-   (साना उद्योग ब्यापारी  तथा गैर ब्यापारी) |

(कृषिजन्य घरेलु उद्योगका लागि भने २० किलोवाटसम्म नै रु.१०,०००।-)